# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा

पत्र संख्या: २०७९/०८०
चलानी नं.:-

मिति :- २०८०-०३-०३गते

### विषय :- प्रेस विज्ञप्ति ।

विगत केही दिनयता विभिन्न सामाजिक संजालहरुमा प्राथमिक स्वास्थ्य केन्द्र, बनियानीमा म्याद गुज्रेको औषधी वितरण भएको भनी समाचारहरु प्रकाशन भईरहेको हुँदा यस गाउँ कार्यपालिकाको कार्यालयको उक्त कुरामा गम्भिर ध्यानाकर्षण भएको छ । गाउँ कार्यपालिकाको कार्यालय गाउँपालिका क्षेत्रभित्रका नागरिकहरुको स्वास्थ्य तथा गाउँपालिका मातहतका स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने स्वास्थ्य सेवाको विषयमा संवेदनशील रहेको व्यहोरा अनुरोध गर्दै विभिन्न सामाजिक संजालहरुमा प्रकाशन भएका समाचारहरुको सम्बन्धमा आवश्यक छानविन गरि दोषीलाई कारवाही गर्न गाउँ कार्यपालिकाको कार्यालय प्रतिबद्ध रहेको हुँदा यथाशिघ्र आवश्यक छानविन गरी दोषी उपर कारबाही हुने व्यहोरा सरोकारवाला सबैको जानकारीका लागि अनुरोध छ । साथै सो घटना सम्बन्धमा यथार्थ विवरण प्राप्त नभएसम्मका लागि प्राथमिक स्वास्थ्य केन्द्रको औषधी वितरण शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई आजको मितिबाट लागुहुने गरी निलम्बन गरिएको व्यहोरा समेत अनुरोध छ ।

.................................
हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत